# १२. सबै विश्वासीहरु पवित्र आत्माद्वारा भरिनुपर्छ

ः. मुख्य पदहरु

प्रेरित २:३८-३९ लूका ११:९-१३

यूहन्ना ७:३७-३९ एफिसी ५:१८

. परिचय

यदि प्रभु येशू (लूका ४:१, १४) प्रेरितहरु (प्रेरित २:२-४) र पावल (प्रेरित ९:१७) पवित्र आत्माद्वारा भरिनुपर्थ्यो भने हामी पनि त्यसैगरी आत्माद्वारा भरिनु आवश्यक छ. यो केवल क्रिश्चियन भएर उद्धारको निम्ति पवित्र आत्मा बैना स्वरुप प्राप्त गर्नु मात्र होइन (एफिसी १:१३-१४). येशू ख्रीष्टको जन्म पवित्र आत्माद्वारा भएको थियो (मत्ती १:१८). त्यसकारण पवित्र आत्मा येशूका साथ उहाँको जीवन पर्यन्त हुनुहुन्थ्यो. तर पनि पिताले अह्राउनु भएका सबै काम पूरा गर्न उहाँलाई पवित्र आत्माद्वारा भरिनु या बप्तिश्मा पाउनु जरुरी थियो. यर्दन नदिमा उहाँले पानीको बप्तिश्मा लिंदा यस्तो भएको थियो (लूका ३:२१-२२). येशूले चेलाहरुमा सास फुकिदिनु भएपछि तिनीहरुले पवित्र आत्माको बप्तिश्मा पाएका थिए (यूहन्ना २०:२२). तर तिनीहरुले सेवकाई शुरुगर्नुभन्दा पहिला पवित्र आत्माको बप्तिश्मा नपाउन्जेल पर्खिन तिनीहरुलाई भनिएको थियो (प्रेरित १:४-५, प्रेरित २:२-४). भरिनु सम्बन्धमा बाइबलले विभिन्न तरीकाहरु बताएको छ. भरिनु (प्रेरित २:४), बप्तिश्मा हुनु (प्रेरित १:५), तिनीहरुमाथि पवित्र आत्मा आउनु (प्रेरित १:८), पवित्र आत्मा प्रप्त गर्नु (प्रेरित ८:१७), पवित्र आत्मा खन्याइनु (प्रेरित १०:४५). नामले केही फरक पार्दैन तर जे काम हुन्छ त्यसले चाहिं फरक पार्छ. येशूको साँचो चेलाहरु हुन र परमेश्वरको इच्छा पूरा गर्न पवित्र आत्माको बप्तिश्माले हामीलाई सामर्थ्य प्रदान गर्दछ.

हामी एकचोटी पवित्र आत्माले भरिएपछि (यो क्रियाकलाप) त्यहीं अन्त हुदैन. आत्माद्वारा हामी निरन्तर रुपमा भरिइ रहनुपर्छ (एफिसी ५:१८). शुरुका चेलाहरु आत्माद्वारा कम्तीमा २ पल्ट भरिएका थिए (प्रेरित २:१-४, प्रेरित ४:३१).

ग. पानी पिउने गिलासको उदाहरण

हाम्रो जीवन पानी पिउने गिलास जस्तै हो. तिनीहरु भरिन र प्रयोग गरिनका निम्ति बनाइएको हो. हामीभित्र परमेश्वरलाई लिन (स्वीकार गर्न) हाम्रो सृष्टि भएको हो. पवित्र आत्माको निम्ति हामी एउटा माध्यम हुनुपर्छ तर दुवैतिर प्वाल भएको पाइप जस्तै हैन तर हामी एउटा मुहान जस्तो हुनुपर्छ जहाँ परमेश्वरको सामर्थ्य र जीवन सुरक्षित रहन्छ र आवश्यक परेका बेलामा त्यहाँबाट चलाउन सकिन्छ.

१. **मैलो दाग लागेको एउटा गिलास**

कसैलाई तिर्खा लागेको बेलामा गिलासमा उसलाई तपाईंले त्यस्तो मैलो पानी पिउन दिनुहुन्न. गिलासलाई प्रयोग गर्नुअघि यसलाई राम्ररी धोएर पुछपाछ गर्नुपर्छ. धेरै मानिसहरुको जीवन मैलो गिलासजस्तै भएकोले तिनीहरुलाई आफूभित्र पवित्र आत्माको सामर्थ्यबारे केही ज्ञान हुँदैन. तिनीहरु भरिन अघि सफा पारिनुपर्छ किनभने पवित्र आत्मा शुद्ध सफा पानी हुनुहुन्छ. हाम्रा जीवनका सबै फोहर मैलाहरु पखालिन येशूद्वारा मात्र परमेश्वरले सम्भव गराउनु भएको छ. हामीमध्ये कैयौं बाहिरबाट त दागरहित देखिन्छौं तर हामी सबै नै हाम्रो हृदयको भित्री तहसम्म सफा पारिनु आवश्यक भएका छौं (१ सामूएल १६:७).

२. **चर्किएको गिलास**

कसैलाई पनि चर्किएको गिलासमा पानी पिउन दिने तपाईं सपनासम्म देख्नसक्नुहुन्न. सायद तपाईंले गिलास नै फालिदिनुहुनेछ, तर परमेश्वरले त्यसो कहिल्यै गर्नुहुन्न. उहाँले चर्किएको ठाउँ नदेखिनेगरी टालिदिनुहुन्छ. धेरै मानिसहरु आफू चर्किएको (धेरै कमजोर भएको) अनुभव गरेकाले कुनैपनि कुरा कसैको पनि अगाडि धक फुकाएर गर्न सक्दैनन्. आफ्नो जीवनका विभिन्न परिस्थितिहरुमा तिनीहरुले धेरै धोका पाएका छन्. परमेश्वर आफ्नो सामर्थ्यमा मानिसहरुलाई छुन र सम्पूर्ण चंगाई दिन सक्नुहुन्छ (मत्ती ९:१२). पृथ्वीमा आफ्नो सेवकाईभरि यस्तै चर्किएको जीवन जिउनेहरुलाई उहाँले चंगाई दिनुभयो अर्थात रोग, पीडा, मनमा घाऊ लागेका र एक्लोपनमा जिउँदै गरेकाहरुलाई निको पार्नुभयो. परमेश्वरको सामर्थ्य तिनीहरुको जीवनमा ल्याएर येशूले तिनीहरुलाई नयाँ सामर्थ्यमा पठाउन उहाँ सफल हुनुभयो. त्यसरी तिनीहरु आइन्दा आ-आफ्ना लघुताभासमा जिउनु आवश्यक परेन. हाम्रा निम्ति परमेश्वर त्यसै गर्न चाहनुहुन्छ. क्रूसको सामर्थ्य र येशूको पुनरुत्थानमा उहाँ क्षमा र चंगाई ल्याउन सक्नुहुन्छ. त्यसपछि पवित्र आत्माद्वारा उहाँको जीवन र

शक्तिले हाम्रो जीवन भर्न चाहनुहुन्छ ताकि वर्तमान तथा आउंदा दिनहरुमा येशूका सेवकाईहरुलाई हामी निरन्तरता दिइरहन सकौं.

**३. उल्टो ठड्याइएको गिलास**

निश्चय नै उल्टो घोप्ट्याइएको गिलासमा तपाईं कहिल्यै केहीपनि हाल्न सक्नुहुन्न. हाम्रो जीवनमा परमेश्वरले केही हाल्ने हो भने उहाँप्रति हामी खुलस्त र स्पष्ट हुनुपर्छ. घोप्टिएको हाम्रो जीवनको गिलास सुल्टो ठडिनुपर्छ. परमेश्वरको पवित्र आत्मा प्राप्त गर्ने इच्छा हाम्रो आत्मामा जागृत हुनुपर्छ. हाम्रो जीवनमा पवित्र आत्मा जबर्जस्ती प्रवेश गर्नुहुन्न.

भरिनका निम्ति गिलासहरु बनाइएका हुन्छन्. यदि कुनै गिलासमा तरल पदार्थ कहिल्यै हालिएको छैन भने गिलासले आफ्नो उद्देश्य पूरा गरेको छैन. हामी पनि भरिनका निम्ति सृजिएका हौं. त्यसै प्रकारले जो व्यक्तिहरुले पवित्र आत्माको भरपूर सामर्थ्यलाई आफ्नो जीवनमा अनुभव गरेका छैनन् तिनीहरुले आफ्नो सृष्टिको उद्देश्य नै पूरा गरेका छैनन्.

## घ. माग र तिमीले पाउनेछौ

पवित्र आत्माको मुख्य काम परमेश्वरको निम्ति हाम्रो जीवनको द्वार खोल्नु हो, उहाँप्रति हामीमा भोक र तिर्खा जगाउनु हो. हामीले उहाँमा पूकारा गर्दा हाम्रो तिर्खा उहाँले मेटिदिनुहुन्छ (यूहन्ना ७:३७-३९). पावल हामीलाई आत्माले भरिने उपदेश दिन्छन् (एफिसी ५:१८). मौलिक ग्रीक भाषामा यो वाक्यको बास्तविक अर्थ "आत्माले निरन्तर रुपमा भरिइरहनु" हुन्छ. चेलापन र गवाहीको निम्ति आवश्यक दैनिक शक्ति र सामर्थ्य यो "निरन्तर भरिइरहने" कामबाट प्राप्त हुन्छ. यसमा एकैपल्टको मात्र अनुभव प्रशस्त हुँदैन.

हामीले माग्नुभन्दा अगाडि नै हाम्रो जीवनमा उहाँको सामर्थ्यको खांचो निरन्तर रुपमा भइरहने तथ्यमाथि हामीलाई पवित्र आत्माले सचेत गराइरहनु हुन्छ. यदि आफ्नो जीवनमा तपाईंले उहाँको आवश्यकता अनुभव गर्नुभएको छ भने पितासित पवित्र आत्मा किन माग्नुहुन्न ? परमेश्वरले गर्नुहुने कामसित नडराउनुहोस्. *"परमेश्वरले हामीलाई डरको आत्मा दिनु भएको छैन तर प्रेम, सामर्थ्य र आत्मसंयमको आत्मा दिनुभएको छ."* (२ तिमोथी १:७).

परमेश्वरदेखि नलुक्नुहोस्. आफूमा पवित्र आत्माको हावा बहन दिनुहोस्. यदि परमेश्वरबाट तपाईले केही पाउने आशा गर्नुभएको छ भने उहाँले तपाईलाई कुनै खराब तथा दुष्टतापूर्ण कुराहरु दिनुहुनेछैन (लूका ११:९-१३). आफ्नो स्वर्गीय पिता र येशूमाथि तपाईंको ध्यान केन्द्रित गर्नुहोस् र उहाँहरुबाट पाउन सकिने सबैथोकका निम्ति आफैंलाई तयार पार्नुहोस्. तपाईंको आत्मा, प्राण र शरीरलाई पवित्र आत्माले सम्पूर्ण चोख्याउनु भएको होस (१ थेस्स ५:२३). तपाईको जीवन उहाँको सामर्थ्यद्वारा भरिएको होस. उहाँबाट प्राप्त हुने बरदानहरु स्वीकार गर्नुहोस् र प्रशंसा, आराधना र परमेश्वरको सामर्थ्यमा साक्षी दिन सिक्नुहोस. यदि यसले केही मदत गर्‍यो भने पवित्र आत्माबाट भरिनुको अर्थ थाहा पाएको अर्को कुनै व्यक्तिसँगसँगै प्रार्थना गर्नुहोस्. तिनीहरुले तपाईंमाथि हात राख्न सक्छन् र नराख्न पनि सक्छन्. तिनीहरुले तपाईंमाथि हात राखे भने नडराउनुस किनभने शुरुका चेलाहरुले पवित्र आत्मा पाउन चाहने धेरैमाथि यसरी नै हात राखेर प्रार्थना गर्नेगर्थे (प्रेरित ८:१४-१७, प्रेरित १९:६). तपाई आफैंपनि प्रार्थना गर्नसक्नुहुन्छ. तल लेखिए अनुसारको साधारण प्रार्थना गर्नुहोस्. तपाईंको स्वर्गीय पिताले यसलाई सुनेर जवाफ दिनुहुनेछ र तपाई पवित्र आत्माले भरिनुहुनेछ.

ङ. साधारण प्रार्थना

"प्रिय पिता, जसले माग्छ त्यसले पाउनेछ र जसले खोज्छ त्यसले भेट्टाउनेछ भनेर तपाईले प्रतिज्ञा गर्नुभएको निम्ति धन्यवाद. मेरो जीवनमा तपाईंको सामर्थ्यको धेरै खांचो छ. मलाई तपाईको पवित्र आत्माको फल पनि उत्तिकै आवश्यक भएको तथ्य पनि मलाई थाहा छ. पिता, तपाईंको सामून्ने म मेरो पाप मान्दछु, जसले मेरो विरुद्धमा अपराध गरेका छन् तिनीहरु सबैलाई म क्षमा गर्दछु, र येशूको रगतले मेरो जीवन शुद्ध गरिदिनुहुन म तपाईंमा निबेदन गर्दछु. मेरो सम्पूर्ण जीवन तपाईंको सामून्ने छ. पवित्र आत्मालाई सामर्थ्यपूर्वक अहिले नै मेरो जीवनमा पठाउनुहोस, येशूका नाउंमा, आमिन."

च. प्रश्नहरु र छलफलका बुँदाहरु

१. बाइबल अनुसार आत्माको भरपूरिमा जिउनका निम्ति उत्पन्न केही बाधाहरु - अनाज्ञाकारिता (प्रेरित ५:३२), घमण्ड (१पत्रस ५:५), विश्वासको कमी (हिब्रु ११:६) र खराब प्रेरणा (इच्छा) हरु हुन् (प्रेरित

८:१८-२४). विशेषगरी तपाईंको जीवनमा अझ अरु कुराहरु छन् भने ती के के हुन सोच्न सक्नुहुन्छ ?

२. तपाई पवित्र आत्माद्वारा पहिलो पल्ट भरिने जरुरत अनुभव गर्नुहुन्छ कि नयाँ ताजापनमा ? भोलि-भोलि नभन्नुस. तपाईंको स्वर्गीय पितासँग मागेर प्राप्त गरिहाल्नुहोस्.
३. पवित्र आत्माद्वारा भरिन आवश्यक छैन भनेर धेरै क्रिश्चियनहरु किन भन्ने गर्छन् ? छलफल गर्नुहोस्.
४. परमेश्वर पिताले चाहनु भए मुताविक पवित्र आत्माले नभरिइकन संसारको आवश्यकता हामी कसरी पूरा (येशूले जस्तै) गर्न सक्छौं ? यो कुरालाई यूहन्ना १४:१२ को सन्दर्भमा छलफल गर्नुहोस्.
५. पवित्र आत्माले भरिएपछि के परमेश्वरले हामीलाई रोबोट (स्वचालित मशिन) जस्तै बनाउनुहुन्छ कि ? अथवा हामीलाई उहाँले जस्तो परिस्थितिमा राख्नुहुन्छ त्यहाँ आफ्नो स्वतन्त्र इच्छा प्रयोग गरेको चाहनुहुन्छ ?

## छ. सारांश र प्रयोग

१. यदि हामी येशूको साँचो विश्वासी बनिरहन चाहन्छौं र हाम्रो स्वर्गीय पिताले जे भन्नुहुन्छ त्यही गर्न चाहन्छौं भने पवित्र आत्माद्वारा निरन्तर भरिइरहन हामीलाई अत्यन्त आवश्यक छ.
२. पवित्र आत्माले भरिएको जीवनको मुख्य कुरा मसँग कत्तिको आत्मा छ भन्ने होइन किनभने हामीसँग त उहाँको सबै अंश छ तर उहाँले मेरो जीवनको कति अंशमाथि अधिकार गर्नु भएको छ ?
३. मानिसहरु पवित्र आत्माद्वारा भरिनका निम्ति सृष्टि गरिएका हुन र त्यसरी तिनीहरु परमेश्वरको सामर्थ्यको माध्यम हुन्.
४. पवित्र आत्माद्वारा भरिनका निम्ति हामी सफा र तयार हुनुपर्छ.
५. जोसुकैले मागेपनि पवित्र आत्मा पाउने परमेश्वर पिताले प्रतिज्ञा गर्नुभएको छ.